कम्पनीले आफ्नो जारी पुँजी रु. ८०,००,००,०००/– (अक्षरेपी अस्सी करोड मात्र) मध्ये १०% अर्थात रु.८,००,००,०००/– (अक्षरेपी आठ करोड मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ८,००,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात काभ्रेपलान्चोक जिल्लाका (पाँचखाल नगरपालिका वडा नं. ७) स्थानीय बासिन्दाहरुका लागि र बाँकी ११.२५% अर्थात् रु.९,००,००,०००/– (अक्षरेपी नौ करोड मात्र) रकम बराबरको रु. १००/– अंकित दरको ९,००,००० कित्ता साधारण शेयरको १०% अर्थात ९०,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगार गरी रहेका नागरिकहरुको लागि सार्वजनिक निष्काशन गरिएको ।

साथै, नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुका लागि छुट्टाइएको शेयर सम्पूर्ण बिक्री नभएमा बिक्री नभए बराबरको शेयर समेत समायोजन गरी सर्वसाधारणमा निष्काशन गरिने छ ।

ऋणपत्र रेटिङ्ग सम्बन्धी विवरण

इस्युअर रेटिङ्ग सम्बन्धी विवरण स्वीकृत विवरणपत्र अनुसार निष्काशन हुनेछ साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग जारी गराई पूर्ण भएकोले ऋणपत्र रेटिङ्ग नियमावली, २०७८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेडबाट इस्युअर रेटिङ्ग जारी "CARE-NP BB+(Is) [Double B Plus (Issuer)] रेटिङ्ग प्राप्त गरेको छ । CARE-NP BB+(Is)] "Moderate risk of default regarding timely servicing of financial obligations, in Nepal" जनाउँदछ जसको नेपालीमा "समयमै वित्तीय दायित्व भुक्तानीका सन्दर्भमा मध्यम स्तरको जोखिम रहेको" भन्ने बुझिन्छ । केयर नेपाल लिमिटेडले CARE-NP AAA(Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ र CARE-NP D(Is) ले ऋणशोध पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा २७ (ट) को पृष्ठ नं. ७८ मा उल्लेख गरिएको छ ।

ऋणिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०८२/१०/०८ **ऋणिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०८३/१०/०३**

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति २०८३/०७/१९ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति २०८३/०७/१९

१. कम्पनीको नाम : कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिमिटेड (Kantipur Pharmaceuticals Lab Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस संगठित संस्थाको रजिष्टर्ड कार्यालय ललितपुर महानगरपालिका वडा नं. ८, बालकुमारी, ललितपुर जिल्ला, नेपालमा रहेको छ । सम्बन्धित निकायको स्वीकृति लिई अन्य स्थानमा पनि शाखा तथा सम्पर्क कार्यालय खोल्न वा रजिष्टर्ड कार्यालय सार्न सकिनेछ ।

४. कारोबार गर्ने मुख्य स्थान :

यस संगठित संस्थाको कारोबार गर्ने स्थान मुख्य कम्पनीको कर्पोरेट कार्यालय ललितपुर महानगरपालिका वडा नं. ८, बालकुमारी, ललितपुरमा रहेको छ । यस कम्पनीको उद्योग पाँचखाल नगरपालिका, होक्से-७, काभ्रेपलान्चोक जिल्लामा रहेको छ ।

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाका मुख्य उद्देश्यहरु :

संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिमिटेडको आधिकारिक रूपमा मिति २०७३/११/०५ मा कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता नम्बर १६३९३१/०७३/०७४ अन्तर्गत दर्ता भएको थियो । स्वास्थ्य सेवा तथा पशु पोषण क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यका साथ औद्योगिक उत्पादनमा प्रवेश गर्ने लक्ष्य राखी कम्पनीले मिति २०७५/०१/१० मा औषधि व्यवस्था विभाग (DDA) मा उद्योग स्थापना सम्बन्धी सिफारिसका लागि आवेदन दिएको थियो । उक्त आवेदनका आधारमा मिति २०७५/०२/०१ मा उद्योग विभागबाट उद्योग स्थापना सम्बन्धी सिफारिस प्राप्त गरेको थियो ।

कम्पनीको रणनीतिक विस्तारका क्रममा कम्पनीले सोही दर्ता नम्बर अन्तर्गत मिति २०७५/०५/१२ मा उद्योग विभाग, त्रिपुरेश्वरबाट उद्योग दर्ता प्रमाणपत्र प्राप्त गरेको थियो । साथै कम्पनीले मिति २०७४/०९/२२ मा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर ६०५९९६१५३ प्राप्त गरी मिति २०७५/०९/०९ मा होक्से बजार-७, पाँचखाल, काभ्रेमा उद्योग स्थापनाको लागि उद्योग विभागबाट प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) स्वीकृती प्राप्त गरी उद्योग स्थापनाको लागी पूर्वाधार निर्माण तर्फका कार्यहरु शुरु गरी कम्पनीले मिति २०७८/०८/२३ मा उद्योग विभागबाट पशु आहार पूरक (Feed Supplement) उत्पादनका लागि इकाई उद्योग स्थापना गर्ने स्वीकृति प्राप्त गरी कम्पनीले आर्थिक वर्ष २०७७/७८ देखि आंशिक रूपमा व्यावसायिक उत्पादन प्रारम्भ गरेको थियो ।

आफ्नो लगानी क्षितिजलाई विस्तार गर्ने उद्देश्यका साथ कम्पनीले आर्थिक वर्ष २०७७/७८ देखि एलोप्याथिक औषधि उत्पादन क्षेत्रमा लगानी प्रारम्भ गरेको हो। सोही क्रममा आर्थिक वर्ष २०८०/८१ को चैत महिनामा औषधि व्यवस्था विभाग (Department of Drug Administration-DDA) बाट विभिन्न एलोप्याथिक औषधिहरू उत्पादन गर्न आवश्यक उत्पादन अनुज्ञापत्र प्राप्त गरेको थियो । प्राप्त अनुज्ञापत्रहरूमा VALBAZIN-200, VALBAZIN SUSPENSION- 60ml, VALBAZIN SUSPENSION-500 ML, KENOXIN SOLUTION-100 ML, KENOXIN SOLUTION-1000 ML, OTCYCLIN-500, OTCYCLIN-WS 5 %, 50 GM, OTCYCLIN-WS 5 %, 100 GM, V, ALBAZIN SUSPENSION, 30 ML, VALBAZIN SUSPENSION, 120 ML, VALBAZIN SUSPENSION, 5000 ML, KENOXIN-50 लगायत अन्य केही एलोप्याथिक औषधिहरू समावेश छन् । हालसम्म कम्पनीले विभिन्न नाम तथा ब्रान्डअन्तर्गत ३२ प्रकारका आहारपूरक (Supplements) उत्पादनहरू बजारमा बिक्री-वितरण गर्दै आएको छ । त्यसैगरी, एलोप्याथिक औषधितर्फ ६२ वटा विभिन्न औषधिको बिक्री-वितरण तथा उत्पादनका लागि आवश्यक अनुज्ञापत्र प्राप्त भई बिक्री-वितरण, अनुसन्धान तथा विकास (R&D) कार्य सञ्चालन भइरहेको छ । साथै, १०२ वटा विभिन्न एलोप्याथिक औषधिको उत्पादन अनुज्ञापत्र औषधि व्यवस्था विभाग (DDA) बाट स्वीकृत भइसकेका छन्। आर्थिक वर्ष २०८०/८१ मा प्राप्त उक्त स्वीकृतिपश्चात् हालसम्म कम्पनीले औषधि व्यवस्था विभागबाट कुनै नयाँ उत्पादन अनुज्ञापत्र वा थप स्वीकृति प्राप्त गरेको छैन ।

वृद्धि तथा व्यवसायिक विविधीकरणको सम्भावनालाई दृष्टिगत गर्दै, कम्पनीको मिति २०८१/०३/२४ गते सम्पन्न विशेष साधारण सभाबाट पारित विशेष प्रस्ताव बमोजिम कम्पनीलाई प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा रूपान्तरण गर्ने निर्णय गरिएको थियो । उक्त निर्णयअनुसार कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१/०३/२५ गते कम्पनी पब्लिक लिमिटेडमा रूपान्तरण भई मिति २०८१/०४/२७ गते कारोबार सञ्चालन स्वीकृति प्राप्त गरेको हो । त्यसैगरी, मिति २०८१/०९/०१ गते सम्पन्न वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव बमोजिम कम्पनीले प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) गर्ने निर्णय गरेको छ । उक्त निर्णयले कम्पनीको पुँजी संरचनालाई सुदृढ बनाउँदै सर्वसाधारण लगानीकर्तालाई सहभागिता सुनिश्चित गर्ने तथा पारदर्शिता, सुशासन र दीर्घकालीन दिगो विकासप्रतिको कम्पनीको प्रतिवद्धतालाई प्रतिबिम्बित गर्दछ ।

यस कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) पशुपक्षी तथा माछाको आहारा (Animal and Aqua feed) पशुपंक्षी तथा माछाको पोषक आहारा (Animal feed supplements) उत्पादन तथा बिक्री वितरण गर्ने र सो को उत्पादनको लागि आवश्यक कच्चा पदार्थको उत्पादन तथा आयात समेत गर्ने ।
(ख) फिड्प्रिमिक्स तथा फिड्सप्लिमेन्ट उत्पादन गरी बिक्री वितरण गर्ने ।
(ग) मानव तथा पशुपंक्षीको लागि आवश्यक पर्ने आयुर्वेदिक औषधीहरुको उत्पादन तथा बिक्री वितरण गर्ने ।
(घ) मानव तथा पशुपंक्षीको लागि आवश्यक पर्ने एलोपैथिक औषधी (Allopathic Medicine) उत्पादन तथा बिक्री वितरण गर्ने ।
(ङ) जडिबुटी खेती गर्नुका साथै जडिबुटीको सार (Herbal Extract) को उत्पादन गर्ने तथा बिक्री वितरण गर्ने ।
(च) जडिबुटीको सार (Herbal Extract) बाट फाइटो (Phyto) किटनाशक तथा जैविक मलको उत्पादन गर्ने तथा सो को बिक्री वितरण गर्ने ।
(छ) जडिबुटीको सार (Herbal Extract) बाट फाइटो (Phyto) पशुपंक्षीको आहारा तथा एमिनल फिड सप्लिमेण्टस् उत्पादन गर्ने तथा बिक्री वितरण गर्ने ।
(ज) जडिबुटीको सार (Herbal Extract) बाट फाइटो किटनाशक तथा जैविक मसको उत्पादन गर्ने तथा सो को बिक्री वितरण गर्ने ।
(झ) खाद्य, रसायन, जडिबुटी, भिटामिन, खनिज, पशु आहार, पशु पोषक आहार (Animal feed suppliments), मानव तथा पशुपंक्षीको लागि आवश्यक पर्ने एलोपैथिक औषधी मानव तथा पशुपंक्षीको लागि आवश्यक पर्ने आयुर्वेदिक औषधीको लागि अनुसन्धानमुलक प्रयोगशालाको स्थापना गरी सो को सञ्चालन गर्ने सेवा प्रदान गर्ने ।
(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा आवश्यक पर्ने गुणस्तरीय भेटनरी औषधी भ्याक्सिन फिड्सप्लिमेन्ट, एमिनोएसिड तथा ती संग सम्बन्धित अन्य आवश्यक वस्तुहरु उत्पादन गरी बिक्री वितरण गर्ने ।
(ट) औषधी विज्ञानको दक्ष प्राविधिकहरुको सहयोग सल्लाह लिई औषधीको राष्ट्रिय आवश्यकता परिपूर्ति गर्न, औषधीको कच्चा पदार्थ उत्पादन गर्न, औषधी र दाना परिपूर्ति गर्न र राष्ट्रलाई औषधीमा आत्मनिर्भर बनाउन प्रयत्नशील रहने ।
(ठ) ट्याबलेट, बोलस, पाउडर, इन्जेक्सन (पाउडर, भोल) स्लाइनका साथै आवश्यकता अनुसार मानव तथा पशुपंक्षीलाई आवश्यक पर्ने सबै प्रकारका औषधीहरु उत्पादन गरी बिक्री वितरण गर्ने ।
(ड) फिड्सप्लिमेण्ट, फिड्एडिटिभ, मिस्रल, भिटामिन जस्ता अत्यन्त सवेदनशील पदार्थहरुको गुणस्तरयुक्त प्रमाणिकताका साथ किसानहरु माझ लान विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उद्योगसंग समन्वय गरी उत्पादन गरी बिक्री वितरण गर्नुका साथै कम्पनीबाट उत्पादित वस्तुहरु निर्यात समेत गर्ने ।
(ढ) भेटरी तथा मानवजन्य औषधी उत्पादन गर्न आवश्यक पर्ने सबै प्रकारका कच्चा पदार्थहरु भारत लगायत अन्य मुलुकबाट आयात समेत गर्ने ।
(ण) उल्लेखित उद्देश्यहरुसंग सम्बन्धित औषधी आपूर्ति सम्बन्धी बोलपत्रमा सहभागी भई बोलकबोल स्वीकार गरी सो बमोजिम औषधीहरु सप्लाई गर्ने गराउने ।
(त) औषधी विज्ञानसंग सम्बन्धित विषयमा दक्ष प्राविधिक मार्फत ट्रेनिङ्ग उपलब्ध गर्ने गराउने र सो सम्बन्धमा खोजमुलक अध्ययन अनुसन्धान समेत गर्ने ।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

(१) कम्पनीको प्रबन्धपत्रमा रहेको व्यवस्था अनुसार जारी पुँजीको १०% शेयर आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुलाई तथा जारी पुँजीको ११.२५% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप शेयर सर्वसाधारणहरुमा (कम्पनीमा कार्यरत कर्मचारी, वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु तथा सामुहिक लगानी कोष समेत) निष्काशन गरी कम्पनीको चुक्ता पुँजी रु.८०,००,००,०००/- पुर्याउन ।
(२) कम्पनीले लिएको बैंक कर्जा रकम चुक्ता गर्ने वित्तीय जोखिम घटाउने, ब्याज रकम कम गर्ने र नयाँ मेसिनरी खरिद तथा उत्पादन विस्तार गर्नका लागि उपयोग गर्ने ।
(३) कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पुँजीको व्यवस्था गर्न ।
(४) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पुँजी संकलन गर्न ।
(५) आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिन ।

७. कम्पनीको पुँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पुँजी: कम्पनीको अधिकृत पुँजी रु.१,००,००,००,०००/- (अक्षरेपी एक अर्ब मात्र) रहेको छ । उक्त पुँजीलाई रु.१००/- का दरले १,००,००,००० थान शेयरमा विभाजन गरिएको छ ।
जारी पुँजी: कम्पनीको जारी पुँजी रु.८०,००,००,०००/- (अक्षरेपी अस्सी करोड मात्र) रहेको छ । उक्त पुँजीलाई रु.१००/- का दरले ८०,००,००० थान शेयरमा विभाजन गरिएको छ ।
चुक्ता पुँजी: कम्पनीको चुक्ता पुँजी रु.६३,००,००,०००/- (अक्षरेपी त्रिसी करोड मात्र) रहेको छ । उक्त पुँजीलाई रु.१००/- का दरले ६३,००,००० थान शेयरमा विभाजन गरिएको छ ।

८. निष्काशन पछिको चुक्ता पुँजी (समृद्धकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्ध-पत्रको दफा ६ मा उल्लेख भए अनुसार सर्वसाधारणमा शेयरको निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने चुक्ता पुँजीको संरचना :

क्र.सं.	शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता पुँजी रकम (रु.)	पुँजी संरचना	भुक्तानी प्रतिशत
१	संस्थापक शेयरधनीहरु	६३,००,०००	६३,००,००,०००/-	७८.७५%	शत प्रतिशत
२	क. उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु ख. सर्वसाधारण शेयरधनीहरु (विदेशी रोजगारमा रहेका नेपाली, सामुहिक लगानी कोष र कर्मचारीहरु समेत)	१७,००,०००	१७,००,००,०००/-	२१.२५%	शेयर निष्काशन पश्चात्
	जम्मा	८०,००,०००	८०,००,००,०००/–	१००%	

नोट : *उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।*

९. आधारभूत शेयरधनी/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम	ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	धारण गरेको कुल शेयर	शेयर स्वामित्व (%)	शैक्षिक योग्यता	प्रस्तावित व्यापार / व्यवसायको अनुभव	अन्य क्षेत्रको अनुभव
१	श्री हेम राज बडाल	काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३२	अध्यक्ष	५२	नेपाली	३६२०००	५.७५	उच्च माध्यमिक तह	पोल्ट्री क्षेत्रमा ३३ वर्ष भन्दा बढीको अनुभव, पोल्ट्री औषधि आयात तथा बजारीकरण, पशु चिकित्सा औषधि, हयाचरी, फार्म र पेलेट फिड उद्योग जस्ता प्रमुख क्षेत्रहरुमा लगानी रहेकोछ । उहाँसँग बजारिकरण कौशल र देशभित्र पोल्ट्री उद्योग सञ्चालनको राम्रो अनुभव रहेको छ ।	
२	श्री सुना सुवेदी	काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३२	संचालक	४७	नेपाली	२६७४०००	४२.४४	व्यवस्थापन संकायमा स्नातक	पोल्ट्री क्षेत्रमा २० वर्ष भन्दा बढीको अनुभव, पोल्ट्री औषधि आयात तथा बजारीकरण, पशु चिकित्सा औषधिहरुको व्यापार, विभिन्न सामाजीक संस्थाहरुमा आवद्ता, रहेको ।	
३	श्री अनिश बडाल	काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३२	संचालक	२६	नेपाली	११०००००	१७.४६	व्यवस्थापन संकायमा स्नातकोत्तर	५ वर्ष देखिको भेटेरिनरी औषधि आयात, पोल्ट्री तथा स्थानिय व्यापार को अनुभव ।	
४	श्री मनोज पन्त	लमजुङ जिल्ला, राइनास, गा.वि.स. वडा नं.६ को परिवर्तित लमजुङ जिल्ला राइनास नगरपालिका वडा नं.६	संस्थापक शेयरधनी	३६	नेपाली	१०००००	१.५९	स्नातकोत्तर उर्तिण	पोल्ट्री, भेटेरिनरी औषधि, पशु चिकित्सा औषधिहरुको व्यापारमा विगत १५ वर्षको अनुभव रहेको ।	
५	श्री जितेन्द्र नारायण श्रेष्ठ	काभ्रे जिल्ला उप्रचण्डी नाला गा.वि.स.वडा नं.३ को परिवर्तित काभ्रे जिल्ला बनेपा न.पा.वडा नं.४	संस्थापक शेयरधनी	३७	नेपाली	१२५०००	१.९८	स्नातक	पोल्ट्री, भेटेरिनरी औषधि, पशु चिकित्सा औषधिहरुको व्यापारमा विगत १५ वर्षको अनुभव रहेको ।	
६	श्री नवराज पौड्याल	बारा जिल्ला, सिजगढ गा.वि.स.वडा नं.८ को परिवर्तित बारा जिल्ला निजगढ न.पा.वडा नं.९	संचालक	५१	नेपाली	१११०००	१.७६	स्नातकोत्तर	उहाँको पोल्ट्री उत्पादन र व्यापारमा एक दशक भन्दा बढीको विशेषज्ञता रहेको छ। उहाँले विभिन्न देशहरुमा बहुआयिक कम्पनीहरुसंग एक दशक भन्दा बढी समय काम गरेको अनुभव छ । उहाँ नेपाल हयाचरी उद्योग संघका कोषाध्यक्ष र पूर्ण स्वचालित प्रविधि सहितको हयाचरीले सुसज्जित फार्मको सञ्चालक समेत हुनु हुन्छ ।	
७	श्री अनन्त दाहाल	कास्की जिल्ला, डिकुरपोखरी गा.वि.स.वडा नं.२ को हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं.४	संस्थापक शेयरधनी	३९	नेपाली	१०००००	१.५९	त्रिभुवन विश्वविद्यालय अन्तर्गत कृषि तथा पशु विज्ञान अध्ययन संस्थानबाट पशु विज्ञान स्नातक (B.V.Sc. & A.H.) र स्नातकोत्तर (M.V.Sc.) मा उत्कृष्ट श्रेणी प्राप्त गर्नु भएकोछ । सन् २०२० देखि उहाँले पशु विज्ञानमा विद्यावारिधि (PhD) को उपाधिका लागि अध्ययन गरिरहनु भएकोछ	उहाँ सन् २०१७ देखि हालसम्म विभिन्न कुखुरापालन फर्म र दाना उद्योगहरुमा पशु चिकित्सक सल्लाहकारको रूपमा कार्यरत हुनु हुन्छ । हाल उहाँ कृषि तथा वन विश्वविद्यालय, नेपाल अन्तर्गत पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकायको माझकोवायोलोजी तथा परजीवी विज्ञान विभागमा स्थायी प्राध्यापक (सह-प्राध्यापक) को रूपमा कार्यरत हुनुहुन्छ ।	
८	श्री नारायण हुंगाना	सिन्धुपाल्चोक जिल्ला, फटकशिला, गा.वि.स. वडा नं. २ को परिवर्तित सिन्धुपाल्चोक जिल्ला मेलम्ची न.पा. वडा नं.१३	संस्थापक शेयरधनी	४७	नेपाली	१२५०००	१.९८	स्नातक	पोल्ट्री, भेटेरिनरी औषधि, पशु चिकित्सा औषधिहरुको व्यापारमा विगत १५ वर्षको व्यापक अनुभव रहेको ।	
९	श्री किसान दाना उद्योग प्रा.लि.	चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं.१२	संस्थापक शेयरधनी	लागु नहुने	नेपाली	१०००००	१.५९	लागु नहुने	लागु नहुने ।	
१०	श्री प्रदिप प्रसाद रेग्मी	धादिङ जिल्ला, जिवनपुर गा.वि.स. वडा नं. ९ को परिवर्तित धादिङ जिल्ला धुनिवेसी नगरपालिका वडा नं.५	संस्थापक शेयरधनी	४०	नेपाली	१०००००	१.५९	उच्च माध्यमिक तह	पोल्ट्री, भेटेरीनरी औषधि, पशु चिकित्सा औषधिहरुको व्यापारमा विगत २१ वर्षको व्यापक अनुभव रहेको ।	
११	श्री सुजेन्द्र शाही	नुवाकोट जिल्ला,विदुर नगरपालिका वडा नं.९	संस्थापक शेयरधनी	४६	नेपाली	१०००००	१.५९	प्रमाणपत्र	पोल्ट्री, भेटेरिनरी औषधि, पशु चिकित्सा औषधिहरुको व्यापारमा विगत २१ वर्षको व्यापक अनुभव रहेको ।	
१२	श्री दिवेश थापा	नुवाकोट जिल्ला, बिदुर नगरपालिका वडा नं.१ हाल काठमाण्डौं जिल्ला तारकेश्वर नगरपालिका वडा नं.९	संचालक	३८	नेपाली	१०००००	१.५९	स्नातक	पोल्ट्री क्षेत्रमा २५ वर्ष भन्दा बढीको व्यापक अनुभव, पोल्ट्री औषधि आयात तथा बजारीकरण, पशु चिकित्सा औषधिहरुको व्यापार, विभिन्न सामाजीक संथाहरुमा आवद्ता ।	
१३	श्री सन्तोष कुमार सुवेदी	सर्लाही जिल्ला, इश्वरपुर गा.वि.स. वडा नं.७ को परिवर्तित सर्लाही जिल्ला इश्वरपुर नगरपालिका वडा नं.७	संस्थापक शेयरधनी	४४	नेपाली	१०००००	१.५९	स्नातक	पोल्ट्री औषधि बजारीकरण तथा व्यापार क्षेत्रमा २० वर्ष भन्दा बढीको व्यापक अनुभव रहेको ।	
१४	श्री अमित कुमार भा	महोत्तरी जिल्ला, बथनाहा गा.वि.स. वडा नं.६ को परिवर्तित मनरासिसवा नगरपालिका वडा नं.१०	संस्थापक शेयरधनी	४५	नेपाली	१०००००	१.५९	स्नातक	पोल्ट्री औषधि बजारीकरण क्षेत्रमा २० वर्ष भन्दा बढीको व्यापक अनुभव रहेको ।	
१५	श्री विजय रानाभाट	का.जि.का.म.न.पा. वडा नं.९	संस्थापक शेयरधनी	४६	नेपाली	१०००००	१.५९	समाजसास्त्रमा स्नातकोत्तर, MA Major English	सामाजिक कार्य शिक्षण पेशा, खोज अन्वेशण तथा मार्केटिङ्ग क्षेत्रमा विगत १५ वर्षको लामो अनुभव ।	
१६	श्री केदार राज पाण्डे	गोरखा जिल्ला पालुङटार गा.पा.वडा नं.६	संस्थापक शेयरधनी	५९	नेपाली	१०००००	१.५९	शिक्षा संकायमा स्नातकोत्तर, BSC भेटेरीनरी डाक्टर	नेपाल सरकारको पशुसेवा विभाग अर्न्तगत रहि उपसचिव तहमा कार्य गरेको अनुभव, पोल्ट्री र पशुसंग सम्बन्धित पशु चिकित्सा तथा परामर्शदाता तथा पशु चिकित्सा औषधिहरुको व्यापार ।	
१७	श्री लगानी हब प्रा.लि.	काठमाडौ जिल्ला का.म.न.पा.वडा नं. ३०	संस्थापक शेयरधनी	लागु नहुने	नेपाली	१०००००	१.५९	लागु नहुने	लागु नहुने ।	
१८	श्री रविन पुरी	काठमाडौ जिल्ला नागार्जुन न.पा. वडा न ६	संस्थापक शेयरधनी	५३	नेपाली	३०००००	४.७६	व्यवस्थापन संकायमा स्नातक	श्री रविन पुरी नेपालको कुखुरापालन उद्योगमा एक प्रसिद्ध उद्यमी हुन् । उहाँले वि.सं. २०४८ देखि यस उद्योगमा सक्रिय रूपमा काम गर्दै आउनुभएको छ । कुखुरा दाना उद्योग, ह्याचरी र कोल्ड स्टोरेज (स्नटर हाउस) मा रणनीतिक लगानी गरेर उहाँले उद्योगमा एक व्यापक मूल्य शृङ्खला सफलतापूर्वक निर्माण गर्नुभएको छ । उहाँ नेपाल दाना उद्योग सङ्घका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासघका कार्यकारी सदस्य समेत हुनहुन्छ ।	

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित तथा औषधी व्यवस्था विभागबाट ईजाजतपत्र प्राप्त

KKPL कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिमिटेड
KANTIPUR PHARMACEUTICALS LAB LIMITED

रजिष्टर्ड कार्यालय : ललितपुर उप.म.न.पा.-८, ललितपुर, फोन नं.: ०१-५१८६६०४, ५१८६६०२, ९८०१८८२४४१
इमेलः info@kantipurpharma.com वेभसाइटः www.kantipurpharma.com

आह्वान–पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

संक्षिप्त वित्तीय विवरण

विवरण	वास्तविक			*प्रक्षेपित		
	आ.व.२०८०/८१	आ.व.२०८१/८२	आ.व.२०८२/८३	आ.व.२०८३/८४	आ.व.२०८४/८५	आ.व.२०८५/८६
प्रति शेयर आम्दानी (EPS) (रु.)	५.०२	४.०८	१३.८८	१५.४५	२०.८३	२३.८६
प्रति शेयर नेटवर्थ पर्समल्याङ्कन बाहेक (रु.)	१०८.३५	१११.३६	१२६.२४	१३५.४५	१५६.७६	१८०.४५
प्रति शेयर नेटवर्थ पर्समल्याङ्कन सहित (रु.)	१११.०३	१२२.९४	१३६.७२	१४४.१६	१६४.८४	१८८.५०
जगेडा कोष तथा संचित नाफा/(नोक्सान) (रु.)	११४,५१७,७७०	१४४,५१२,३५६	२३१,३१६,२८६	३५३,४१६,४४०	५१८,७४७,४२०	७०७,९६९,६३०

** लेखापरिक्षकबाट प्रमाणित वित्तीय विवरण ।*

स्वीकृत विवरणपत्र मार्फत कर्मचारीहरु र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पुरा नभएसम्म बिक्री वितरण गर्न पाइने छैन ।

कर्मचारी, सञ्चालकहरु तथा संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने प्राथमिक सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् ।

सञ्चालकहरुको विवरण

क्र.सं.	नाम	पद	ठेगाना	उमेर (वर्ष)	राष्ट्रियता	धारण गरेको कुल शेयर	शेयर स्वामित्व (%)	शैक्षिक योग्यता	प्रस्तावित व्यापार / व्यवसायको अनुभव	अन्य क्षेत्रको अनुभव
१	श्री हेम राज बडाल	अध्यक्ष	काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३२	५२	नेपाली	३६२०००	५.७५	उच्च माध्यमिक तह	पोल्ट्री क्षेत्रमा मिति २०५४/३/१२ गते देखि निरन्तर पशु चिकित्सा औषधि तथा फिड्ड सप्लिमेन्ट आयात तथा बजारीकरण, पशु चिकित्सा औषधि, हयाचरी, फार्म र पेलेट फिड मिल जस्ता प्रमुख क्षेत्रहरुमा लगानी रहेकोछ । उहाँसँग बलियो बजारिकरण कौशल र देशभित्र पोल्ट्री सञ्चालनको बुझाइ छ ।	
२	श्री नवराज पौड्याल	संचालक	बारा जिल्ला, निजगढ़ गा.वि.स.वडा नं.८ को परिवर्तित बारा जिल्ला निजगढ न.पा. वडा नं.९	५१	नेपाली	१११०००	१.७६	स्नातकोत्तर	उहाँको पोल्ट्री उत्पादन र व्यापारमा एक दशक भन्दा बढीको विशेषज्ञता रहेको छ। उहाँले विभिन्न देशहरुमा बहुआयिक कम्पनीसँग एक दशक भन्दा बढी समय काम गरेको अनुभव छ र उहाँ नेपाल हयाचरी उद्योग संघका महा सचिव र पूर्ण स्वचालित प्रविधि सहितको हयाचरीले सुसज्जित फार्मको सञ्चालक समेत हुनुहुन्छ ।	
३	श्री दिवेश थापा	संचालक	नुवाकोट जिल्ला, बिदुर नगरपालिका वडा नं.१ हाल काठमाण्डौं जिल्ला तारकेश्वर नगरपालिका वडा नं.९	३८	नेपाली	१०००००	१.५९	स्नातक	पोल्ट्री क्षेत्रमा विगत २०५६/८/९ गते देखि निरन्तर पोल्ट्री औषधि आयात तथा बजारीकरण, पशु चिकित्सा औषधिहरुको व्यापार, विभिन्न सामाजीक संस्थाहरुमा आवद्ता ।	
४	श्री सुना सुवेदी	संचालक	काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३२	४७	नेपाली	२६७४०००	४२.४४	व्यवस्थापन संकायमा स्नातक	पोल्ट्री क्षेत्रमा विगत २०५६/१२/१५ देखि निरन्तर पोल्ट्री औषधि आयात तथा बजारीकरण, पशु चिकित्सा औषधिहरुको व्यापार, विभिन्न सामाजीक संस्थाहरुमा आवद्ता ।	
५	श्री अनिश बडाल	संचालक	काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३२	२६	नेपाली	११०००००	१७.४६	स्नातकोत्तर	मिति २०७३/६/१७ देखि भेटेरीनरी औषधि आयात, पोल्ट्री तथा स्थानिय व्यापार को अनुभव ।	
६	श्री निरज कार्की	स्वतन्त्र संचालक	काठम